नेपाल सरकार

कानून तथा न्याय मन्त्रालयको

सूचना

**कानून किताब (व्यवस्था र वितरण) (तेस्रो संशोधन) आदेश, २०६६**

कानून किताब (व्यवस्था र वितरण) आदेश,२०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन,२०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम “कानून किताव (व्यवस्था र वितरण) (तेस्रो संशोधन) आदेश, २०६६” रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२ **कानून किताव (व्यवस्था र वितरण) आदेश, २०२१ को दफा २ मा संशोधनः** कानून किताव (व्यवस्था र वितरण) आदेश, २०२१ (यसपछि “मूल आदेश” भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राखिएको छ :-

“२ **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) “समिति” भन्नाले दफा ३ बमोजिम गठन भएको कानून किताव व्यवस्था समिति सम्झनु पर्छ ।

(ख) “अध्यक्ष” भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) “सदस्य” भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा समितिको सदस्य-सचिव समेतलाई जनाउँछ ।

(घ) “कार्यकारी निर्देशक” भन्नाले दफा ४ख. बमोजिम नियुक्त वा तोकिएको समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ङ) “मन्त्रालय” भन्नाले कानून तथा न्याय मन्त्रालय सम्झनु पर्छ ।

(च) “तोकिएको” वा “ तोकिए बमोजिम” भन्नाले यो आदेश अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ । ”

३. **मूल आदेशको दफा ३ मा संशोधन :** मूल आदेशको दफा ३ को सट्टा देहायको दफा ३ राखिएकोछः-

“ ३ **समितिको गठनः** (१) कानून किताव व्यवस्था समिति नामको एउटा समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) मन्त्रालयको सचिव वा निजले तोकेको सो मन्त्रालयको सह-सचिव -अध्यक्ष

(ख) प्रतिनिधि (सह-सचिवस्तर), अर्थ मन्त्रालय -सदस्य

(ग) प्रतिनिधि (सह-सचिवस्तर), गृह मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि (सह-सचिवस्तर), परराष्ट्र मन्त्रालय -सदस्य

(ङ) महानिर्देशक, मुद्रण विभाग -सदस्य

(च) प्रतिनिधि (सह-सचिवस्तर), महान्यायाधिवक्ताको कार्यालय -सदस्य

(छ) नेपाल बार एशोसियसनको अध्यक्ष वा अध्यक्षले तोकेको सो एशोसियसनको पदाधिकारी -सदस्य

(ज) कार्यकारी निर्देशक -सदस्य-सचिव"

४. **मूल आदेशको दफा ४ मा संशोधन :** मूल आदेशको दफा ४ को,-

(१) उपदफा (१) को खण्ड (ख) र (घ) को सट्टा देहायका खण्ड (ख) र (घ राखिएका छन् :-

"(ख) समितिको दीर्घकालीन तथा अल्पकालीन योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(घ) विभिन्न पुस्तक, डायरी रसिद आदि छपाई गर्ने, गराउने,"

(२) उपदफा (२) को,-

(क) शुरुमा रहेका "उपखण्ड (१)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१)" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ग) मा रहेका "नेपाल अधिराज्यको " भन्ने शव्दहरुको सट्टा " नेपालको" भन्ने शब्द राखिएकोछ।

(ग) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) समितिको कोषमा जम्मा भएको रकम कुनै बैंकमा मुद्दती खाता खोली जम्मा गर्ने, "

५ **मूल आदेशमा दफा ४क. र ४ख. थपः** मूल आदेशको दफा ४ पछि देहायका दफा ४क.र ४ख थपिएका छन्ः-

"४क. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको सदस्य-सचिवले समितिको बैठक वस्ने सूचना सामान्यतया बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगाडि सदस्यहरुलाई दिनु पर्नेछ र त्यस्तो सूचनामा बैठकमा छलफल हुने विषय सूची समेत संलग्न गर्नु पर्नेछ ।

(४) समितिको पचास प्रतिशतभन्दा वढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य- सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारित गरे बमोजिम हुनेछ ।

४ख . <u>**कार्यकारी निर्देशक सम्बन्धी व्यवस्थाः**</u> (१)समितिको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य सञ्चालन गर्नको लागि एक कार्यकारी निर्देशक हुनेछ ।

(२) मान्यता प्राप्त विश्वविद्यालयबाट वाणिज्य शास्त्र वा व्यवस्थापनमा स्नातककोत्तर उपाधि हासिल गरेका व्यक्तिहरुमध्येबाट तोकिए बमोजिम खुल्ला प्रतिस्पर्धाको आधारमा समितिले कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकको नियुक्ति नभएसम्मको लागि मन्त्रालयले समितिबाटै पारिश्रमिक र सुविधा पाउने गरी नेपाल न्याय सेवा, कानून समूहको कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीको कुनै अधिकृत वा समितिमा बहाल रहेको वरिष्टतम अधिकृतलाई बढीमा छ महिनाको निमित्त कार्यकारी निर्देशकको रुपमा काम गर्ने गरी तोक्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र समितिले आवश्यक देखेमा निजको थप एक पदावधि थप गर्न सक्नेछ ।

(५) समितिको वहालवाला कुनै कर्मचारी उपदफा (२) बमोजिम कार्यकारी निर्देशकको पदमा नियक्ति भएमा उपदफा (४) बमोजिम निजको पदावधि समाप्त भएपछि निज समितिको सेवाबाट स्वतः अवकाश हुनेछ ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकले आफ्नो पद अनुरुपको काम नगरेमा समितिले निजलाई पदावधि समाप्त हुनु अगावै सो पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(७) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका अन्य शर्त र सुविधा तोकिए बमोजिम हुनेछ । त्यसरी नतोकिएसम्म निजको पारिश्रमिक, सेवाका अन्य शर्त र सुविधा समितिले तोके बमोजिम हुनेछ।

(८) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः:-

(क) समितिको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा वजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ख) समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने,

(ग) समितिका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(घ) समितिको काम, कारबाही सुव्यवस्थित तरिकाबाट सञ्चालन गर्न आवश्यक काम गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने,।"

६. **<u>मूल आदेशमा दफा ५क. ५ख. र ५ग. थप:</u>** मूल आदेशको दफा ५ पछि देहायका दफा ५क. ५ख. र ५ग. थपिएका छन् :-

"**५क. <u>समितिको लेखा र लेखा परीक्षण:</u>** (१) समितिको आय व्ययको लेखा व्यवसायिक लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) समितिले नेपाल सरकारले अपनाएको कार्यविधिबाट आन्तरिक लेखा परीक्षण गराउनु पर्नेछ।

(३) समितिको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) नेपाल सरकारले चाहेमा समितिको आय व्ययको लेखा, सो सम्बन्धी कागजात र अन्य नगद वा जिन्सी जुनसुकै बखत जाँच गर्न वा गराउन सक्नेछ ।

**५ख. <u>समितिको वार्षिक प्रतिवेदन:</u>** समितिले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र वर्षभरिमा आफूले सम्पादन गरेको काम कारबाहीको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

**५ग. <u>बैठक भत्ता:</u>** समितिका सदस्यहरुले बैठकमा भाग लिए वापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन् ।"

७. **<u>मूल आदेशको दफा ६ मा संशोधन:</u>** मूल आदेशको दफा ८ मा रहेका "सबै पत्र व्यवहार तथा समितिको निर्णयहरु सचिवले प्रमाणित गर्नेछन्" भन्ने शब्दहरुको सट्टा "सबै पत्र व्यवहार कार्यकारी

निर्देशक वा निजले तोकेको  समितिका अधिकृतस्तरका कर्मचारीले प्रमाणित गर्नेछन्” भन्ने शब्दहरु राखिएका छन्।

८. **<u>मूल आदेशको  दफा ८ मा संशोधनः</u>** मूल आदेशको दफा ८  मा रहेका “कानून तथा न्याय ” भन्ने शब्दहरु झिकिएका छन्।

आज्ञाले,

माधव पौडेल
नेपाल सरकारको सचिव

## कानून किताब (व्यवस्था र वितरण) (तेस्रो संशोधन) आदेश,२०६६

कानून किताब (व्यवस्था र वितरण) आदेश,२०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन,२०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "कानून किताव (व्यवस्था र वितरण) (तेस्रो संशोधन) आदेश, २०६६" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२ कानून किताव (व्यवस्था र वितरण) आदेश, २०२१ को दफा २ मा संशोधनः कानून किताव (व्यवस्था र वितरण) आदेश, २०२१ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राखिएको छ :-

"२ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको कानून किताव व्यवस्था समिति सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा समितिको सदस्य-सचिव समेतलाई जनाउँछ ।

(घ) "कार्यकारी निर्देशक" भन्नाले दफा ४ख. बमोजिम नियुक्त वा तोकिएको समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय सम्झनु पर्छ ।

(च) "तोकिएको" वा " तोकिए बमोजिम" भन्नाले यो आदेश अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ । "

३. <u>मूल आदेशको दफा ३ मा संशोधन :</u> मूल आदेशको दफा ३ को सट्टा देहायको दफा ३ राखिएकोछः-

" ३ <u>समितिको गठनः</u> (१) कानून किताव व्यवस्था समिति नामको एउटा समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | मन्त्रालयको सचिव वा निजले तोकेको सो मन्त्रालयको सह-सचिव | -अध्यक्ष |
| (ख) | प्रतिनिधि (सह-सचिवस्तर), अर्थ मन्त्रालय | -सदस्य |
| (ग) | प्रतिनिधि (सह-सचिवस्तर), गृह मन्त्रालय | -सदस्य |
| (घ) | प्रतिनिधि (सह-सचिवस्तर), परराष्ट्र मन्त्रालय | -सदस्य |
| (ङ) | महानिर्देशक, मुद्रण विभाग | -सदस्य |
| (च) | महानिर्देशक, साझा प्रकाशन | -सदस्य |
| (छ) | नेपाल बार एशोसियसनको अध्यक्ष वा अध्यक्षले तोकेको सो एशोसियसनको पदाधिकारी | -सदस्य |
| (ज) | कार्यकारी निर्देशक | -सदस्य-सचिव" |

४. <u>मूल आदेशको दफा ४ मा संशोधन :</u> मूल आदेशको दफा ४ को,-

(१) उपदफा (१) को खण्ड (ख) र (घ) को सट्टा देहायका खण्ड (ख) र (घ राखिएका छन् :-

"(ख) समितिको दीर्घकालीन तथा अल्पकालीन योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(घ) विभिन्न पुस्तक, डायरी रसिद आदि छपाई गर्ने, गराउने,"

(२) उपदफा (२) को,-

(क) शुरुमा रहेका "उपखण्ड (१)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१)" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ग) मा रहेका "नेपाल अधिराज्यको " भन्ने शव्दहरुको सट्टा " नेपालको" भन्ने शब्द राखिएकोछ।

(ग) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ:-

" (घ) समितिको कोषमा जम्मा भएको रकम कुनै बैंकमा मुद्दती खाता खोली जम्मा गर्ने, "

५ <u>मूल आदेशमा दफा ४क. र ४ख. थप:</u> मूल आदेशको दफा ४ पछि देहायका दफा ४क.र ४ख थपिएका छन्:-

"४क. <u>समितिको बैठक र निर्णय:</u> (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको सदस्य-सचिवले समितिको बैठक वस्ने सूचना सामान्यतया बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगाडि सदस्यहरुलाई दिनु पर्नेछ र त्यस्तो सूचनामा बैठकमा छलफल हुने विषय सूची समेत संलग्न गर्नु पर्नेछ ।

(४) समितिको पचास प्रतिशतभन्दा वढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य- सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारित गरे बमोजिम हुनेछ ।

४ख . <u>कार्यकारी निर्देशक सम्बन्धी व्यवस्था:</u> (१)समितिको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य सञ्चालन गर्नको लागि एक कार्यकारी निर्देशक हुनेछ ।

(२) मान्यता प्राप्त विश्वविद्यालयबाट बाणिज्य शास्त्र वा व्यवस्थापनमा स्नातककोत्तर उपाधि हासिल गरेका व्यक्तिहरुमध्येबाट तोकिए बमोजिम खुल्ला प्रतिस्पर्धाको आधारमा समितिले कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकको नियुक्ति नभए सम्मको लागि मन्त्रालयले समितिबाटै पारिश्रमिक र सुविधा पाउने गरी नेपाल न्याय सेवा, कानून समूहको कम्तीमा राजपत्राङ्कित

द्वितीय श्रेणीको कुनै अधिकृत कर्मचारीलाई बढीमा छ महिनाको निमित्त कार्यकारी निर्देशकको रुपमा काम गर्ने गरी तोक्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र समितिले आवश्यक देखेमा निजको पदावधि दुई वर्षसम्म थप गर्न सक्नेछ ।

(५) समितिको वहालवाला कुनै कर्मचारी उपदफा (२) बमोजिम कार्यकारी निर्देशकको पदमा नियक्ति भएमा उपदफा (४) बमोजिम निजको पदावधि समाप्त भएपछि निज समितिको सेवाबाट स्वतः अवकाश हुनेछ ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकले आफ्नो पद अनुरुपको काम नगरेमा समितिले निजलाई पदावधि समाप्त हुनु अगावै सो पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(७) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका अन्य शर्त र सुविधा तोकिए बमोजिम हुनेछ । त्यसरी नतोकिएसम्म निजको पारिश्रमिक, सेवाका अन्य शर्त र सुविधा समितिले तोके बमोजिम हुनेछ।

(८) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा वजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ख) समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने,

(ग) समितिका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(घ) समितिको काम, कारबाही सुव्यवस्थित तरिकाबाट सञ्चालन गर्न आवश्यक काम गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने,।”

६. मूल आदेशमा दफा ५क. ५ख. र ५ग. थपः मूल आदेशको दफा ५ पछि देहायका दफा ५क. ५ख. र ५ग. थपिएका छन् :-

“५क. समितिको लेखा र लेखा परीक्षणः (१) समितिको आय व्ययको लेखा व्यवसायिक लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) समितिको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(३) नेपाल सरकारले चाहेमा समितिको आय व्ययको लेखा, सो सम्बन्धी कागजात र अन्य नगद वा जिन्सी जुनसुकै बखत जाँच गर्न वा गराउन सक्नेछ।

५ख. **समितिको वार्षिक प्रतिवेदनः** समितिले आर्थिक समाप्त भएको मितिले तीन महिनाभित्र वर्षभरिमा आफूले सम्पादन गरेको काम कारबाहीको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

५ग. **बैठक भत्ताः** समितिका सदस्यहरुले बैठकमा भाग लिए वापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन्।"

७. **मूल आदेशको दफा ६ मा संशोधनः** मूल आदेशको दफा ८ मा रहेका "सबै पत्र व्यवहार तथा समितिको निर्णयहरु सचिवले प्रमाणित गर्नेछन्" भन्ने शब्दहरुको सट्टा "सबै पत्र व्यवहार कार्यकारी निर्देशक वा निजले तोकेको समितिका अधिकृतस्तरका कर्मचारीले प्रमाणित गर्नेछन्" भन्ने शब्दहरु राखिएका छन्।

८. **मूल आदेशको दफा ८ मा संशोधनः** मूल आदेशको दफा ८ मा रहेका "कानून तथा न्याय" भन्ने शब्दहरु झिकिएका छन्।